## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः२०८३।०२।१८ गते

पलाँता गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ४ मा सञ्चालित तपसिलको खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट प्रथम पटक प्रकाशित मितिः२०८३।०१।३१ अनुसार १५ दिनभित्रमा कुनै पनि दरभाउपत्र प्राप्त नभएकोले पुन: दोस्रो पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाइ योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी सहितको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| SDWASH/SQ /02/082/083 | छलाहाँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ०७५०१०१७५००९८२ नबिल बैक पलाँता शाखा | ४२,५८,११८ | ३०००।०० | १०६,४५३।०० |

शर्तहरुः

विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गस्हरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखीत शुल्क तिरी (पछि फिर्ता नहुने गरी) पलाँता गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०७५०१०१७५००२६३ नविल बैक लिमिटेडको चल्ती खातामा जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा वैकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पब्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले आठौं दिनको (२०८३।०२।२५ गते) कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ।

१ खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको आठौ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ र योजनाको दरभाउ पत्र भरि सिलबन्दी गरेको हुनुपर्ने छ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न., उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

२ सम्भावित सप्लायरर आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre-Bid Meeting गरिनेछ। यस्तो मीटिंग गाउँपालिकाको कार्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) मध्यमबाट समेत गर्न सकिनेछ। साथै सप्लायर आपूर्तिकर्ताबाट थप जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर आपूर्तिकर्तालाई समेत दिइनेछ।

३ सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ता समितिको वैक खातामा जम्मा गर्न पर्नेछ।

४ सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले आठौ दिनको १२ बजे भित्र प्राप्त पलाँता गाउँपालिका रानिबिसौनामा वा परियोजना सहयोग इकाई सुर्खेतमा पेश गर्न सकिनेछ।

५ सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ।

६ उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।०२।२८ मा गाउँकार्यपालिकाको कार्यालय रानिबिसौनामा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।

७ दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

८ म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

१० यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ। अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ।

११ यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँपालिका, रानिबिसौनाको सूचना पाटीमा गरिनेछ।

१२ अन्य थप जानकारी चाहिएमा कालिकोट जिल्ला पलाँता गाउँपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४५५९५७५०) मा सम्पर्क गर्न सकिनेछ।

संयुक्त खरिद समिति

(छाप: ... खानेपानी तथा सरसफाई उपभोक्ता समिति, पलाँता गा.पा. ४, कालिकोट)